प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

# प्रदेश खेलकूद विकास नियमावली, २०७८

प्रदेश खेलकूद विकास ऐन, २०७६ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी परिषद्ले बनाएको देहायका नियमहरु लुम्बिनी प्रदेश सरकारले स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "प्रदेश खेलकूद विकास नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश खेलकूद विकास ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले नियम १० बमोजिमको जिल्ला खेलकूद विकास समिति सम्झनु पर्छ।

## परिच्छेद-२
## परिषदको अध्यक्ष, सदस्य सचिव, कोषाध्यक्ष एवम् सदस्यको काम, कर्तव्य र अधिकार

३. अध्यक्षको काम, कर्तव्य र अधिकारः ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषदका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को बैठकको अध्यक्षता गर्ने,

(ख) खेलकूदको समग्र विकास, विस्तार र प्रवर्द्धनका लागि नेतृत्व गर्ने,

(ग) परिषद्को काम कारबाहीको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(घ) परिषद्ले तोकेका अन्य काम कारबाही गर्ने ।

४. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद्को बैठकमा पेश गर्ने,

(ख) परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(घ) परिषद्को कर्मचारी व्यवस्थापन तथा समग्र व्यवस्थापकीय र प्रशासकीय कार्य गर्ने, गराउने,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकूद प्रतियोगितामा भाग लिन खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधि पठाउने सम्बन्धमा परिषद्मा पेश गर्ने,

महादेव पन्थ
सचिव

(च) मन्त्रालय, राष्ट्रिय तथा प्रादेशिक खेल संघ वा महासंघसँग आवश्यक समन्वय गर्ने,

(छ) परिषद्को सार्वजनिक खरिद सम्बन्धी काम गर्ने,

(ज) परिषद्को चल अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(झ) लेखा उत्तरदायी अधिकृत भई कामकाज गर्ने, गराउने,

(ञ) परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम, योजना तथा बजेट स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने

(ट) परिषद्ले तोकेका अन्य काम गर्ने ।

५. <u>कोषाध्यक्षको काम कर्तव्य र अधिकारः</u> कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषदको बार्षिक आय ब्ययको आन्तरिक लेखा परीक्षण गर्ने, गराउने,

(ख) परिषदको बार्षिक बजेट तथा कार्यक्रम बनाउन सहयोग गर्ने,

(ग) खेलकूद क्षेत्रको विकास, संरक्षण तथा सम्बर्धनका लागि आर्थिक स्रोत जुटाउन पहल गर्ने,

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने,

(ङ) सदस्य सचिवबाट प्रत्यायोजित कार्य गर्ने ।

६. <u>सदस्यको काम, कर्तव्य र अधिकारः</u> सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषदको बैठकमा भाग लिने,

(ख) अध्यक्ष र परिषदले तोकेका काम गर्ने,

(ग) खेलकुद सम्बन्धी क्रियाकलाप गर्दा सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने परिषदको सदस्यले सो जिल्लामा समेत समन्वय गर्ने ।

## परिच्छेद-३

## <u>कार्यकारी समिति सम्बन्धी व्यवस्था</u>

७. <u>कार्यकारी समितिको गठनः</u> (१) परिषद्को काम कारबाहीमा सहयोग गर्न देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

| | |
|---|---|
| (क) परिषद्को सदस्य-सचिव | -संयोजक |
| (ख) परिषदको कोषाध्यक्ष | -सदस्य |



महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

(ग) परिषद्का सदस्यमध्येबाट अध्यक्षले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुइ जना -सदस्य

(घ) परिषद्को प्रशासन महाशाखा प्रमुख - सदस्य-सचिव ।

(२) उपनियम (१) बमोजिमको समिति परिषद्प्रति उत्तरदायी हुनेछ ।

(३) उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको लागि हुनेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उप नियम (१) को खण्ड (ग) बमोजिमका सदस्य विना सूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित रहेमा वा समितिको काममा समय दिन वा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेमा अध्यक्षले जुनसुकै बखत निजलाई समितिको सदस्यबाट हटाई परिषद्का अन्य सदस्यमध्येबाट उपनियम (१) बमोजिम समितिको सदस्यमा मनोनयन गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम निजलाई हटाउनु अघि सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

८. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः</u> यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा र खेलकुद तालिका तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ख) परिषद्का निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) राष्ट्रिय तथा प्रदेश स्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिताका लागि परिषदले तोके बमोजिमका काम गर्ने,

(घ) प्रदेश सरकारको स्रोतबाट राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा भाग लिन खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधिहरु पठाउन परिषदमा पेश गर्ने,

(ङ) खेलकुदको विकास, विस्तार र सञ्चालनमा विभिन्न निकायहरुबीच समन्वय गर्ने,

(च) परिषदबाट सञ्चालित खेलकुद गतिविधिको आवधिक रुपमा समीक्षा गरी परिषद्मा प्रतिवेदन पेश गर्ने,

(छ) परिषद्को स्वीकृत मापदण्डको अधीनमा रही खेलकुद सम्बन्धी संस्था वा खेलाडीलाई छात्रवृत्ति, आर्थिक वा अन्य सहयोग प्रदान गर्न परिषदलाइ सिफारिस गर्ने,

(ज) खेलकुद सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(झ) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकबाट तालिम दिलाउने तथा उपयुक्त खेलाडीको छनौट गरी आवश्यकता अनुसार विदेशमा तालिम लिन पठाउन सिफारिस गर्ने

महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीहरुलाई पुरस्कृत गर्न तथा खेलाडीहरुको वृत्ति बिकासको आवश्यक व्यवस्था मिलाउन परिषदलाइ सिफारिस गर्ने,

(ट) मनोरञ्जनात्मक, परम्परागत तथा साहसिक खेलकुदलाई खेलकुद पर्यटनको रुपमा विकास गर्न आवश्यक व्यवस्था गर्ने,

(ठ) खेलकुदमा निजी क्षेत्रको सहभागिता र लगानीका अवसरहरुमा वृद्धि गर्न प्रोत्साहन गर्ने,

(ड) खेलकुद सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचारप्रसार गर्ने, गराउने,

(ढ) खेलकुदमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागितालाई प्रोत्साहन गर्न आवश्यक प्रशिक्षण दिने तथा त्यस्ता व्यक्तिबीच प्रतिस्पर्धा हुने गरी विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ण) पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता आयोजना सम्बन्धमा प्रदेश तथा स्थानीय तहबीच समन्वय गर्ने,

(त) खेलकुदको विकास तथा विस्तारमा स्थानीय तहको खेलकुदसँग सम्बन्धित निकाय वा संस्थासँग समन्वय तथा सहकार्य गर्ने,

(थ) प्रदेश खेल संघ वा महासंघको अधिवेशनमा प्रतिनिधि पठाउन परिषद् समक्ष सिफारिस गर्ने,

(द) परिषद्ले तोकेका अन्य कार्य गर्ने, गराउने ।

९. <u>कार्यकारी समितिको बैठक र निर्णय:</u> (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सचिवले संयोजकको परामर्शमा समितिको बैठक बस्ने मिति, समय र स्थान उल्लेख गरी बैठकमा छलफल हुने बिषयको कार्यसूची सहितको सूचना समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबैले पाउने गरी पठाउनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(८) समितिले कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।



महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

## परिच्छेद ४

## जिल्ला खेलकुद विकास समिति सम्बन्धी व्यवस्था

१०. जिल्ला खेलकूद विकास समितिको गठनः (१) ऐनको दफा १३ बमोजिम प्रत्येक जिल्लामा देहायबमोजिमको पदाधिकारी रहने गरी परिषद्ले जिल्ला खेलकूद विकास समिति गठन गर्नेछ :-

(क) खेलकूदको क्षेत्रमा योगदान दिएका खेलाडी वा प्रशिक्षक वा रेफ्री वा खेल संघ पदाधिकारी वा खेलकूद विज्ञहरु मध्येबाट परिषदबाट नियुक्त व्यक्ति -अध्यक्ष

(ख) खेलकूदको क्षेत्रमा योगदान दिएका खेलाडी वा प्रशिक्षक वा रेफ्री वा खेल संघ पदाधिकारी वा खेलकूद विज्ञहरु मध्येबाट परिषदबाट नियुक्त व्यक्ति -उपाध्यक्ष

(ग) खेलकूदको क्षेत्रमा योगदान दिएका खेलाडी वा प्रशिक्षक वा रेफ्री वा खेल संघ पदाधिकारी वा खेलकूद विज्ञहरु मध्येबाट परिषदबाट नियुक्त व्यक्ति -कोषाध्यक्ष

(घ) खेलकूदको क्षेत्रमा योगदान दिएका खेलाडी वा प्रशिक्षक वा रेफ्री वा खेल संघ पदाधिकारी वा खेलकूद विज्ञहरु मध्येबाट परिषदबाट नियुक्त कम्तीमा दुईजना महिला सहित छ जना - सदस्य

(ङ) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -सदस्य

(च) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख -सदस्य सचिव

(२) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल, स्थानीय तहका खेलकुद समितिका अध्यक्ष वा प्रतिनिधि र खेल सम्बन्धी विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) अध्यक्ष र मनोनित सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ ।

(४) अध्यक्ष र मनोनित सदस्यहरुको काम सन्तोषजनक नभएमा जुनसुकै बखत परिषद्ले निजहरुलाई पदबाट हटाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम पदबाट हटाउनु अघि निजहरुलाई सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(६) अध्यक्ष तथा मनोनित सदस्यको राजीनामा परिषद्को अध्यक्षले स्वीकृत गर्नेछ ।

११. समितिको काम, कर्तव्य र अधिकारः नियम १० बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) समितिको वार्षिक कार्यक्रम तयार गरी स्वीकृतिका लागि परिषद्मा पेश गर्ने,

(ख) जिल्लाभित्र रहेका खेलकूदका भौतिक पूर्वाधारहरुको अभिलेख राख्ने र तिनको संरक्षण, मर्मत एवम् नयाँ निर्माण गर्न परिषद्मा सिफारिस गर्ने,



महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

(ग) जिल्लाभित्र रहेका विभिन्न विधाका खेलाडीहरुको अभिलेख अद्यावधिक गर्ने,

(घ) जिल्लास्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गर्ने,

(ङ) प्रदेश र राष्ट्रियस्तरका खेलकूद प्रतियोगिताहरुमा खेलाडीहरुलाई सहभागी गराउने,

(च) नियमित प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्ने,

(छ) विभिन्न खेलका जिल्ला संघ, संस्थाहरुसँग आवश्यक समन्वय गर्ने,

(ज) स्थानीय तहमा खेलकूद प्रतियोगिता सञ्चालनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(झ) जिल्ला स्तरमा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने,

(ञ) संघसंस्था तथा अन्य निकायहरुसँग समन्वय गरी खेलकूदको विकासमा प्रोत्साहन गर्ने,

(ट) जिल्लाभित्र आवश्यक पर्ने खेलकूदका सामग्रीहरुको व्यवस्थापन गर्ने,

(ठ) जिल्ला स्तरमा सञ्चालन हुने खेल तथा खेल सम्बन्धी कार्य सञ्चालन गर्ने,

(ड) स्थानीय स्तरमा नियमानुसार गठित खेलकूद सम्बन्धी संस्थाहरुलाई सहजीकरण गर्ने तथा सूचीकृत गर्ने,

(ढ) परिषद् र स्थानीय खेलकुद विकास समितिसँग आवश्यक समन्वय गर्ने,

(ण) खेलकूद विकासका लागि आवश्यक अन्य कार्य गर्ने ।

१२. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>:(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगाडि बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको सदस्य सचिवले सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा समितिका सदस्यहरुमध्ये ज्येष्ठसदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

१३. <u>समितिको कोष सम्बन्धी व्यवस्था</u>: (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु जम्मा हुनेछनः



महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) खेलकूद सम्बन्धी प्रशिक्षण गरेबापत प्राप्त रकम,

(ग) खेलकूद प्रदर्शन गरी आर्जन भएको रकम,

(घ) कुनै व्यक्ति वा संस्थाले सहायता स्वरुप प्रदान गरेको रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) समितिको कोषमा रहने रकम सम्बन्धित जिल्लामा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश सरकारको आर्थिक कारोवार हेर्ने कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको खातामा/ बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम स्थापना भएको कोषको रकमको खर्च देहायबमोजिम हुनेछः

(क) समितिका कर्मचारीहरुको तलव भत्ता,

(ख) खेलाडीको स्वास्थ्य बीमा र स्वास्थ्य परीक्षण,

(ग) समितिको प्रशासनिक खर्च,

(घ) खेलकूद गतिविधि सञ्चालन,

(ङ) खेलाडी प्रोत्साहन,

(च) अन्य गतिविधि ।

(४) समितिको कोषको खाता सञ्चालन समितिको कार्यालय प्रमुख र समितिको लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) समितिले आर्थिक प्रशासन सम्बन्धी कार्य सञ्चालन गर्दा प्रचलित कानूनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१४. <u>समितिको आय व्ययको लेखा र लेखा परीक्षणः</u> समितिको आय व्ययको लेखा राख्ने तथा लेखा परीक्षण गर्ने काम प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-५

## सेवा शर्त र सुविधा

१५. <u>सदस्य सचिव</u>: (१) सदस्य-सचिव परिषद्मा पुरा समय काम गर्ने प्रशासनिक पदाधिकारी हुनेछ।

(२) सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरु तलव स्केल बराबरको पारिश्रमिक र सेवा सुविधा पाउनेछ ।

(३) सदस्य-सचिवले परिषदको कामको सिलसिलामा भ्रमण गर्नु परेमा अध्यक्षद्वारा भ्रमण आदेश स्वीकृत गराउनु पर्ने छ ।भ्रमण गर्दा एघारौ तहका अधिकृत कर्मचारी सरह दैनिक भत्ता तथा भ्रमण खर्च पाउनेछ।



महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

(४) सदस्य-सचिवलाई प्रोत्साहन भत्ता लगायत अन्य थप सुविधाहरु दिइने छैन।

१६. सदस्यः (१) परिषद्का सदस्यले बैठक बसेको दिनको प्रचलित नियमानुसार बैठक भत्ता र आतेजाते बापतको सार्वजनिक यातायातको प्रचलित दरमा भाडा रकम पाउनेछन ।

(२) परिषद्ले परिषद्को कुनै सदस्यलाई खेलकुद सम्बन्धी विशेष काममा खटाउन सक्नेछ । यसरी खटाइएको सदस्यले भ्रमण खर्च नियमावली, २०६४ बमोजिम द्वितिय तहको दैनिक भ्रमण भत्ता पाउनेछ ।

## परिच्छेद-६
## खेलकूद सम्बन्धी क्लब, संघ वा संस्थाको आवद्धता सम्बन्धी व्यवस्था

१७. खेलकूद सम्बन्धी क्लब, संघ वा संस्था आवद्धता तथा नवीकरण सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा १५ बमोजिम दर्ता भई परिषद्मा आवद्ध हुन चाहने प्रचलित कानून बमोजिम दर्ता भएको क्लब, संघ वा संस्थाले आवद्धताका लागि अनुसूची-१ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर परिषद्ले आवश्यक जाँचबुझ गर्दा निवेदक क्लब, संघ वा संस्थालाई परिषद्मा आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा तीन हजार रुपैयाँ दस्तुर लिई अनुसूची-२ बमोजिमको ढाँचामा आवद्धताको प्रमाणपत्र दिइनेछ ।

(३) परिषद्मा आवद्ध भएका क्लब, संघ वा संस्थाले आफ्नो आवद्धता कायमै राख्न चाहेमा त्यस्तो आवद्धताको अवधि सकिनु भन्दा पन्ध्र दिन अगावै नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित परिषद्मा निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिमको आवद्धता नवीकरण गराउनका लागि दिएको निवेदन जाँचबुझ गर्दा परिषद्ले उपयुक्त देखेमा तीन हजार रुपैयाँ नवीकरण दस्तुर लिई निवेदक संघ वा संस्थाको आवद्धता नवीकरण गरिदिनेछ ।

(५) उपनियम (३) बमोजिमको अवधि भित्र आवद्धता नवीकरण गराउन नसकेको संघ वा संस्थाले त्यसको मनासिब कारण देखाई सो अवधि समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरणको लागि अनुसूची-४ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनुपर्नेछ।

(६) उपनियम (५) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा परिषद्ले उपनियम (४) बमोजिम लाग्ने नवीकरण दस्तुरमा त्यस्तो दस्तुरको पचास प्रतिशत थप दस्तुर लिई त्यस्तो संघ वा संस्थाको आवद्धता नवीकरण गरिदिनु पर्नेछ ।

१८. आवद्धता रद्द गर्न सक्नेः (१) देहायको अवस्थामा परिषद्मा आवद्ध भएका संघ वा संस्थाको आवद्धता स्वतः रद्द भएको मानिनेछ :-



महादेव पन्थ
सचिव

(क) प्रचलित कानून बमोजिम संघ वा संस्थाको विघटन भएमा।

(ख) नियम १७ को उपनियम (६) बमोजिमको अवधिभित्र आवद्धता नवीकरण नगराएमा ।

(२) देहायको अवस्थामा परिषद्ले आफूसँग आवद्ध भएका संघ वा संस्थाको आवद्धता रद्द गर्न सक्नेछ:-

(क) वार्षिक लेखापरीक्षण नगराएमा,

(ख) संघ वा संस्थाको विधानमा संशोधन भई खेलकूदको क्षेत्रमा कार्यक्षेत्र नरहने भएमा,

(ग) संघ वा संस्थाको रकम हिनामिना गरेमा,

(घ) आफ्नो उद्देश्य अनुरुप कामकारबाही गरेको नपाएमा,

(ङ) परिषद्को हित विपरीतको कुनै कार्य गरेमा वा परिषद्लाई हानी नोक्सानी पुऱ्याएमा,

(च) परिषद्ले आवद्धता दिँदाको शर्त तथा परिषद्को सहयोग र सहकार्यमा गरिने कुनै कामको सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (१) को खण्ड (ख) र उपनियम (२) बमोजिम परिषद्ले आवद्धता रद्ध गर्नुपूर्व संघ वा संस्थालाई सफाई पेश गर्ने मनासिव मौका दिन सक्नेछ ।

## परिच्छेद-६
## खेलाडीको व्यावसायिक सुरक्षा

१९. खेलाडीको बीमा र स्वास्थ्य परीक्षण सम्बन्धी व्यवस्था: (१) परिषद्सँग आबद्ध क्लब वा संस्थाका खेलाडीलाई प्रदेश सरकारको प्रतिनिधित्व गर्ने गरी परिषद्ले कुनैपनि खेलकूद प्रतियोगितामा सहभागी गराउँदा त्यस्तो खेलाडी, प्रशिक्षक, रेफ्रीको अनुसूची-५ बमोजिम बीमा गर्नुपर्नेछ।

(२) खेलकुद प्रतियोगिता सञ्चालन हुनु अघि प्रत्येक खेलाडीको स्वास्थ्य परीक्षण गर्नुपर्नेछ ।

२०. खेलाडीलाई प्रदान गरिने प्रोत्साहन: (१) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलकूद प्रतियोगितामा नियम २१ बमोजिम प्रदेशको प्राथमिकतामा परेका खेलमा प्रदेशको प्रतिनिधित्व गरी पदक जितेका खेलाडीलाई प्रदेश सरकारले थप प्रोत्साहन गर्न सक्नेछ।

(२) परिषद्ले आयोजना गरेको प्रदेशस्तरीय खेलकूद प्रतियोगिता तथा प्रदेश सरकारको प्रतिनिधित्व गरी राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडीलाई परिषद्ले तालिम तथा खेल अवधिभर खाना तथा आवास खर्च वापत दैनिक दुई हजार रुपैंया भत्ता उपलब्ध गराउनेछ।

महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

## परिच्छेद-७

## विविध

२१. <u>संगठन संरचना तथा कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) परिषद् तथा जिल्ला खेलकुद विकास समितिको संगठन संरचना र कर्मचारीको नियुक्ति तथा सेवाको शर्त सम्बन्धी व्यवस्था प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) प्रदेश सरकारद्वारा स्वीकृत दरबन्दीमा कर्मचारी नियुक्ति तथा बढुवा सिफारिस गर्न देहाय बमोजिमको एक कर्मचारी भर्ना तथा बढुवा समिति गठन गरिनेछः

| | |
|---|---|
| (क) प्रदेश लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य | संयोजक |
| (ख) मन्त्रालयको सचिव | सदस्य |
| (ग) परिषद्को सदस्य सचिव | सदस्य |

(३) कर्मचारी भर्ना तथा छनौट सम्बन्धी कार्यविधि उपदफा (२) बमोजिमको समिति आफैले निर्धारण गर्न सक्नेछ ।

२२. <u>परिषद्को कोषको रकम खर्च तथा सञ्चालनः</u> (१) ऐनको दफा २१ बमोजिम स्थापना भएको कोषको रकमको खर्च देहायबमोजिम हुनेछः

(छ) परिषद्का कर्मचारीहरुको तलव भत्ता,
(ज) परिषद्का सदस्यहरुको सेवा सुविधा,
(झ) खेलाडीको स्वास्थ्य बीमा र स्वास्थ्य परीक्षण,
(ञ) परिषद्को प्रशासनिक खर्च,
(ट) खेलकूद गतिविधि सञ्चालन,
(ठ) खेलाडी प्रोत्साहन,
(ड) अन्य गतिविधि ।

(२) परिषद्को कोषको खाता सञ्चालन सदस्य-सचिव वा निजले तोकेको अधिकृत र परिषद्को लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) परिषदले आर्थिक प्रशासन सम्बन्धी कार्य सञ्चालन गर्दा प्रचलित कानूनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२३. <u>खेलकूदको प्राथमिकिकरणः</u>परिषद्ले देहायबमोजिमको खेलहरुलाई प्राथमिकतामा राखी खेलकूद सम्बन्धी क्रियाकलाप सञ्चालन गर्दै लैजानेछः-

(क) भलिवल,



महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

(ख) क्रिकेट,
(ग) फुटबल,
(घ) एथेलेटिक्स,
(ङ) तेक्वान्दो,
(च) कराते,
(छ) बक्सिङ,
(ज) ब्याडमिन्टन,
(झ) पौडी,
(ञ) जुडो,
(ट) कुस्ती,
(ठ) कबड्डी,
(ड) बास्केटवल,
(ढ) खोखो,
(ण) टेबलटेनिस,
(त) सुटिङ्,
(थ) भारत्तोलन,
(द) लङ्टेनिस,
(ध) साइकिलिङ्,
(न) शारीरिक सुगठन तथा
(ऩ) परिषदले तोकेका अन्य खेलहरु

२४. <u>आचारसंहिता पालना गर्नुपर्नेः</u> (१) ऐनको दफा ३० बमोजिमका संघसंस्थाहरु, खेलाडी, खेल प्रशिक्षक एवम् कर्मचारीहरुले पालना गर्नुपर्ने विषयका सम्बन्धमा परिषद्ले आचारसंहिता बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचारसंहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२५. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः</u> (१) परिषद्ले ऐन तथा यस नियमावलीले प्रदान गरेको काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागि आवश्यकता अनुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको परिषद्ले बनाएको निर्देशिका, कार्यविधि तथा मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२६. <u>संशोधन तथा हेरफेरः</u> (१) परिषद्को सिफारिसमा प्रदेश सरकारले आवश्यकतानुसार नियमावलीमा संशोधन गर्न सक्नेछ ।

(२) परिषद्को सिफारिसमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार अनुसूचीमा हेरफेर वा संशोधन गर्न सक्नेछ ।



महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

अनुसूची-१

(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)

**प्रदेश खेलकूद परिषद्मा आवद्धताको लागि दिइने निवेदनको ढाँचा**

मितिः .........................

श्री प्रदेश खेलकूद विकास परिषद्,
लुम्बिनी प्रदेश ।

विषय : परिषद्मा आवद्ध हुन पाउँ ।

प्रदेश खेलकूद विकास ऐन, २०७६ को दफा १६ तथा प्रदेश खेलकूद विकास नियमावली, २०७८ को नियम १७ को उपनियम (१) बमोजिम परिषद्सँग आवद्ध हुन चाहेकोले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी तोकिएको दस्तुर सहित आवद्धताका लागि यो निवेदन पेश गरेको छु ।परिषद्सँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छु ।

१. क्लब/संघ वा संस्थाको नाम :

२. क्लब/संघ वा संस्थाको ठेगाना :

क) गाउँपालिका/नगरपालिका :

ख) जिल्ला : ..........................  ग) फोन नं.: ................

घ) फ्याक्स नं.: .......................  ङ) इमेलः .......................

च) वेवसाइट : ..............................

३. क्लब/ संघ वा संस्थाको उद्देश्य :

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. क्लब /संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि :

५. क्लब /संघ वा संस्थाको कार्य समितिका सदस्यहरुको नाम र ठेगाना :

(क)

(ख)

(ग)

(घ)



महादेव पन्थ
सचिव

(ङ)

६. संलग्न कागजातहरुः

(क) क्लब /संघ वा संस्था दर्ताको प्रमाणपत्र,

(ख) सञ्चालन गरिने खेलकूद,

(ग) निवेदक क्लब /संघ वा संस्थाको विधान प्रतिलिपि,

(घ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) क्लब /संघ वा संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि

संस्थाको छाप :

निवेदकको नामथर :

दस्तखत :

पद :

क्लब वा संघ वा संस्थाको नाम :

ठेगाना :

महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

अनुसूची-२

(नियम १७ को उपनियम (२) सँग सम्बन्धित)

**प्रदेश खेलकूद परिषद्मा आवद्ध क्लब /संघ तथा संस्थाको प्रमाणपत्रको ढाँचा**

प्रदेश खेलकूद विकास परिषद्

आवद्धताको प्रमाणपत्र

प्रदेश खेलकूद विकास परिषद्सँग आवद्ध हुन पाउँ भनी ........................ (क्लब/संघ वा संस्थाको नाम र ठेगाना) ले मिति ................ मा दिएको निवेदन उपर कारबाही हुँदा प्रदेश खेलकूद विकासपरिषद्को मिति ........................ को निर्णयानुसार त्यस क्लब/संघ/संस्थालाई प्रदेश खेलकूद विकास ऐन, २०७६ को दफा १६ तथा प्रदेश खेलकूद विकास नियमावली, २०७८ को नियम १७ को उपनियम (२) बमोजिम परिषद्सँग आवद्ध गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

१. आवद्धता नम्बर :

२. आवद्धता कायम रहने अवधिः यो आवद्धताको नवीकरण गराएको अवस्थामा बाहेक मिति .......... सम्म कायम रहनेछ ।

परिषद्को छाप

प्रमाणपत्र जारी गर्ने अधिकारीको

नाम, थर :-

पद :-

मिति :-

पछाडिपट्टी

नवीकरण सम्बन्धी विवरणः

| सि.नं. | नवीकरण गर्ने कर्मचारी | दर्जा | दस्तखत | मिति | जारी अवधि | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

अनुसूची-३

(नियम १७ को उपनियम (३) सँग सम्बन्धित)

**आवद्धता नवीकरण गराउनको लागि दिने निवेदनको ढाँचा**

श्री प्रदेश खेलकूद विकास परिषद्, मिति:
लुम्बिनी प्रदेश, ............

विषय : आवद्धता नवीकरण गरी पाउँ ।

यस क्लब/संघ/संस्थाको प्रदेश खेलकूद विकास परिषद्सँगको आवद्धता कायम रहने अवधि मिति .................. मा समाप्त हुने भएकोले प्रदेश खेलकूद विकास नियमावली, २०७८ को नियम १७ को उपनियम (३) बमोजिम आवद्धता नवीकरण गराउनतोकिएको दस्तुर सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

क) परिषद्मा आवद्ध भएको प्रमाणपत्रको सक्कलै र एक प्रति प्रतिलिपि,

ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

ग) क्लब /संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि देखिने प्रमाणपत्रको प्रतिलिपि,

घ) पछिल्लो दुई वर्षमा सम्पादन गरेका मुख्यमुख्य कार्यको विवरण,

संस्थाको छाप

निवेदकको
नामथर :
दस्तखत :
पद :
क्लबवा संघ वा संस्थाको नाम :
ठेगाना :

महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

अनुसूची -४

(नियम १७ को उपनियम (५) सँग सम्बन्धित)

**म्याद गुज्रिएको क्लब /संघ/संस्थाले आवद्धता नवीकरण गराउनको लागि दिने निवेदनको ढाँचा**

श्री प्रदेश खेलकूद विकास परिषद्
लुम्बिनी प्रदेश ।

मितिः

विषय : आवद्धता नवीकरण गरी पाउँ ।

यस क्लब/संघ/संस्थाको प्रदेश खेलकूद विकास परिषद्सँगको आवद्धता कायम रहने अवधि मिति ................... मा समाप्त भएको र .................... कारणले गर्दा समयमा नै आवद्धता नवीकरण गराउन असमर्थ भएकोले प्रदेश खेलकूद विकास नियमावली, २०७८को नियम १७ को उपनियम (६) बमोजिम नवीकरणका लागि तोकिएको दस्तुर सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

क) परिषद्मा आवद्ध भएको प्रमाणपत्रको सक्कलै र एक प्रति प्रतिलिपि,

ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

ग) क्लब /संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि देखिने प्रमाणपत्रको प्रतिलिपि,

घ) पछिल्लो दुई वर्षमा सम्पादन गरेका मुख्यमुख्य कार्यको विवरण,

संस्थाको छाप

निवेदकको
नामथर :
दस्तखत :
पद :
क्लबवा संघ वा संस्थाको नाम :
ठेगाना :

महादेव पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

अनुसूची-५
(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

**खेलाडीलाई प्रदान गरिने बीमा**

| क्र.सं. | खेलाडीको अवस्था | बीमाङ्क रकम |
|---|---|---|
| १. | मृत्यु भएमा | रु ३०,००,०००/- ( रु तीस लाख ) |
| २. | घाइते भएमा | रु १५,००,०००/- ( रु पन्ध्र लाखसम्म ) |

स्पष्टिकरण: बीमा, खेल प्रशिक्षण र खेल अवधिभर लागू हुनेछ।

माहादेव पन्थ
सचिव